# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८३।०३।२०

## शोक विज्ञप्ति

नेपाल पत्रकार महासंघ नवलपरासी पश्चिम शाखाका अध्यक्ष केशव पराजुलीको उपचारको क्रममा परासीस्थित पृथ्वीचन्द्र अस्पतालमा ५६ वर्षको उमेरमा भएको असामयिक निधनको दुःखद् खबरले महासंघ स्तब्ध र दुःखी भएको छ।

क्यान्सरबाट पीडित भई उपचाररत अग्रज पत्रकार पराजुलीको असार २० गते शनिबार बिहान निधन भएको शाखाले जनाएको छ। स्वर्गीय पराजुलीका आमा, श्रीमती र दुई छोरी हुनुहुन्छ।

सचिव, कोषाध्यक्ष हुँदै २०६१ सालमा महासंघ नवलपरासी शाखाका अध्यक्ष बनेका पराजुली २०८१ सालमा दोस्रो पटक अध्यक्ष निर्वाचित हुनुभएको थियो।

झण्डै चार दशकअघि मातृभूमि साप्ताहिकबाट नवलपरासीमा सक्रिय पत्रकारिता सुरु गर्नुभएका पराजुलीले रेडियो परासी र परासीपत्र साप्ताहिकमा महत्वपूर्ण भूमिका खेल्नुभयो। उहाँले रेडियो नेपाल, रेडियो लुम्बिनी, जनसंघर्ष, तिनाउ एफएमलगातका मिडियामा पनि काम गर्नुभएको थियो। नवलपरासीमा दर्ता भई २०४५ सालदेखि बुटवलबाट प्रकाशित दैनिक लुम्बिनीमा आवद्ध रहेर काम गर्नुभयो। पछिल्लो समय पनि सोही पत्रिकामा कार्यरत हुनुहुथ्यो।

उहाँको निधनले नेपाली पत्रकारिता क्षेत्रले एक योग्य, अनुभवी, निर्भीक र कुशल पत्रकार गुमाउनुका साथै महासंघले सक्रिय र इमान्दार सदस्य गुमाएको छ।

महासंघ स्वर्गीय पराजुलीप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछ। साथै, शोकको यस घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्ने कामनासहित गहिरो समवेदना प्रकट गर्दछ।

रामप्रसाद दाहाल
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org